
# नेपाल

## सम्बिधान र धर्मः

## धार्मिक स्वतन्त्रताको प्रश्न



लेखक

डा. भिक्षु सुनन्द

Downloaded from http://dhamma.digital/

# नेपाल

## सम्बिधान र धर्मः धार्मिक स्वतन्त्रताको प्रश्न

प्रस्तुत लेखले पाठकलाई नेपालको राज्य धर्म हिन्दु धर्म, नेपालको धरोहर बौद्ध धर्म र देशको सम्बिधानले कानूनी प्रकृयाबाट बौद्ध धर्म प्रति गरेको भेदभाव बारे जानकारी गराउँछ। एउटा प्रजातान्त्रिक धर्म निरपेक्ष राज्यको स्थापना र नेपालमा भएका सबै धर्महरूको समानताको लागि सम्बैधानिक व्यवस्था गराउने यस रचनाको उद्देश्य हो।

नेपालको सम्बिधान र धर्मबारे हामी आफ्ना केही विचार तपाईहरूको जानकारीको लागि प्रस्तुत गर्दछौं। सम्बिधान र धर्म हाम्रा व्यवहार र विश्वासका आधारहरू हुन्। यिनको एक अर्कासंगको सम्बन्धलाई स्पष्ट गर्ने हाम्रो प्रयासले नेपालका सबै नागरिकहरूको भलोको लागि केही रचनात्मक योगदान हुने छ भन्ने हाम्रो आशा छ।

हाम्रो विषय र युगको स्वभाव हेर्दा हाम्रो यो काम सम्वेदमशील भएको छ। विषयको उचित प्रस्तुतीको लागि हामीले सम्बिधानबारे कुरा उठाउनु पर्छ र ठाउँ ठाउँमा यसका दोषहरूलाई, खास गरेर धर्म र राज्यको बारेमा आलोचना पनि गर्नु पर्छ। तसर्थ, शुरू गर्नु भन्दा अघि नै हामी के स्पष्ट गर्न चाहन्छौं भने कुनै समूह अथवा व्यक्तिसंग हाम्रो

Downloaded from http://dhamma.digital/

द्वेष छैन। वास्तवमा आफ्नो देश र जनताको मायाले नै हामीले यो काम उठाएका छौं।

हामीले यहाँ भनेका कुरा हाम्रो व्यक्तिगत विश्वास र विचार मात्र होइनन् भन्ने कुरालाई उचित महत्व दिइने छ भन्ने हाम्रो आशा छ। साथै, नेपालमा बौद्ध मार्गीहरूको ठूलो संख्याका आकांक्षाहरूको प्रतिनिधित्व भएको छ। उनीहरू र तपाईहरूको लागि हामीले स्वेच्छाले हाम्रो आफ्नो लामो अनुभव र ज्ञान बाँडचुँड गरीरहेका छौं।

हामीले यो औसरमा धेरै विवादास्पद मानिएको विषयमा बोलीरहेका छौं। सबै मानिसको समान रूपले भलो गर्नु पनि हाम्रो कर्तव्य हो। यी कुरा गर्दा, हामीले बहुसंख्यक नेपालीहरूको ईच्छा प्रकट गर्ने प्रयास गरेका छौं र सबै समान मानिने न्याय पूर्ण समाजको सिर्जना गरेर उनीहरूलाई आफ्नो अस्तित्व र पाउनु पर्ने अधिकारको उपभोग गर्न सघाउ पुऱ्याउने छौं।

नेपालको सम्विधानले नेपाललाई प्रजातान्त्रिक र हिन्दु राजतन्त्रात्मक अधिराज्य घोषित गरेको छ।[1] तैपनि

[1]नेपाल अपडेट : बाइ – मन्थ्लि न्यूज आयण्ड भ्यूज एबाउट डिमोक्रासी इन नेपाल, वर्ष १, अङ्क २ (डिसेम्बर १९९०) २; द भ्यू प्वाइन्टस् : न्यूजलेटर अफ द एसोशिएसन अफ नेपलिज् इन मिडवेष्ट अमेरिका, वर्ष ६, अङ्क ६ (नभेम्बर–डिसेम्बर १९९०): १।

Downloaded from http://dhamma.digital/

प्राध्यापक पि. भि. बापतले सन् १९५६ मा लेखे अनुसार, "नेपालले ··· ··· बौद्ध धर्मबाट आफ्नो धर्म मात्र होइन, बरू आफ्नो सम्पूर्ण सभ्यता र संस्कृति नै पाएकोछ।"[2] "फेरि, नेपालको आधा जनसंख्या बौद्ध मार्गी छन्।"[3]

वास्तवमा यो तथ्याङ्क पनि तीस बर्ष भन्दा अधिको हो। नेपालमा बौद्ध मार्गीहरूको जनसंख्या दिन प्रतिदिन बढ्दै छ भन्ने हाम्रो व्यक्तिगत अध्ययन छ र सायद तपाईहरूको पनि त्यही नै होला। गुरूङ्ग, मानन्धर, शाक्य, शेर्पा, तामाङ्ग आदी र नेपालमा बस्ने तिबतीहरू पनि बौद्ध मार्गी हुन् भन्ने कुरा सजिलै देख्न सक्छौं। धेरै मानिसले बौद्ध धर्मलाई निरन्तर व्यवहारमा आफ्नो धर्म र संस्कृतिको रूपमा मान्दै आएका छन्। बढ्दो संख्यामा मानिसहरूले बौद्ध धर्ममा रुचि लिदैछन् तथा यसलाई मान्न लागेका छन्।

हामी प्रायः प्रत्येक शहरका ठाउँ ठाउँमा बौद्ध शिल्प-कलाका एक दुइ नमुना — चैत्य, पूजा स्थल र मन्दीरहरू

---

[2] प्रा. पि. वि. बापत जनरल एडिटर (२५०० इएर्स अफ बुद्धिज्म् [दिल्ली: मिनिष्ट्री अफ इनफरमेशन आयण्ड ब्रोडकाष्टिङ्ग, गभर्नमेन्ट अफ इण्डिया, १९५६ (रिप्रिन्टेड १९५६), पृष्ठ ४५३।

[3] प्रा. पि. वि. बापत, जनरल एडिटर, २५०० इएर्स अफ बुद्धिज्म्, पृष्ठ ४६७।

Downloaded from http://dhamma.digital/

देख्छौं । चाडबाडको बेलामा बौद्ध धर्मसंग सम्वन्धित ध्वजा पताका, फोटो, चित्रकला, मूर्ति कला र बुद्धका मूर्तिहरू-जस्ता आकर्षक वस्तुहरूको प्रदर्शन देखन सक्छौं । सामान्यतया नेपाली संस्कृति, कला र विहारको अन्दाजी ७०% जति बौद्ध धर्मसंग सम्बन्धित छन् । बाँकी ३०% जति हिन्दु धर्मसंग सम्वन्धित छन् भने केहि मात्र अरू धर्महरूसंग सम्बन्धित वस्तुहरू छन् ।

यस्तो हुँदा हुँदै जनगणनामा अधिकारिक तथ्याङ्कले किन केवल ७.५% जति मात्रबौद्धहरू भएको देखाउँछ ? सन् १९९० को नेपालको कूल जनसंख्या १,८९,१६,३०४ अनुमान गरिएको छ । १९७१ को अधिकारिक जनसंख्या प्रतिवेदन अनुसार नेपालको जनसंख्याको ८९% हिन्दु, पुग नपुग ७.५% बौद्ध र बाँकी मुसलमान, जैन र अरू धर्मावलम्बी थिए । १९८१ मा केन्द्रीय तथ्याङ्क विभागको भनाइ अनुसार हामीहरू ८९.५% हिन्दु, ५.३% बौद्ध र बाँकी इशाई, मुसलमान, जैन आदि थिए । यी अङ्कहरू सही भएमा नेपालमा बौद्धहरूको संख्या बिलकुलै सानो मात्र होईन कि घट्दै पनि छ ।

तथ्य के हो भने विगत ५० वर्षको अवधिमा नेपालको बौद्ध मार्गीहरूको संख्या निरन्तर बढी रहेको छ र विगत २० वर्षमा इशाईहरूको संख्यामा तीव्र बृद्धि भएको छ । नेपालको धर्मको इतिहासमा यस्तो कुरा पहिले देखिएको

Downloaded from http://dhamma.digital/

थिएन। जनगणनाले मानिसहरूको धर्म र रीतिरिवाज तथा धर्मको वास्तविक अवस्थालाई दर्शाउँदैन। र यी जनगणनाका अङ्कको आधारमा ठीक ठह्‍याइएको सम्बिधानले नेपाली धरोहर र संस्कृतिलाई यथार्थ रूपमा दर्शाउँदैन। यी त्रुटीहरू कसरी हुन गए ?

हामीलाई थाहा छ, नेपालका ८०% जति मानिस निरक्षर छन् (१९८१ मा साक्षरता २३.३% थियो) मानिस-हरूको ठूलो संख्या ग्रामीण इलाकामा बस्छन्। तिनीहरू गरीब छन् र उनको जीवन अति कठीन छ। उनीहरूलाई राजनैतिक विचार धाराको वास्ता हुँदैन, उनीहरूलाई आफ्नो दैनिक जीवन यापन र धर्मबारे मात्र चासो रहन्छ। उनीहरूको धर्मलाई के नाम दिइन्छ भन्ने उनीहरूलाई केही मतलब हुँदैन। औपचारिक रूपमा उनीहरू वास्तवमा के धर्म मानी रहेका छन् भन्ने कुरो उनीहरूलाई थाहा हुँदैन।

जनगणना लिने को हुन्छन् ? तिनीहरू सबै कमसेकम नामै मात्रको भए पनि हिन्दु हुन्छन्। उनीहरू सरकारी कर्मचारी हुन्छन् र साक्षर नागरिकहरूको अल्पसंख्याको सदस्य हुन्छन्। उनीहरू हिन्दु राज्यको लागि काम गर्छन् र सरकारको राजनैतिक विचार धाराबाट परिचित रहन्छन्। आखिरमा अन्यत्र सबै ठाउँका अधिकारी वर्ग जस्तै उनीहरू पनि आफ्नो कामको सुरक्षा र आफ्नो पदोन्नतिको बारेमा

Downloaded from http://dhamma.digital/

चिन्तित रहन्छन् ।

जब यी साक्षर र राजनैतिक रूपले सचेत कार्यकर्ताहरू नेपालको गाउंघरहरूमा जनगणना लिन जान्छन्, उनीहरूको भेट धेरैजसो निरक्षर र सोझा सीधा मानिसहरू सित हुन्छ । ती मध्ये धेरैलाई आफूले दिनदिनै मानेको धर्मको औपचारिक नाम सम्म थाहा हुदैन र जसलाई थाहा हुन्छ तिनका लागि पनि धर्म अहङ्कार गर्ने अथवा राजनीतिज्ञहरूसंग वादविवाद गर्ने कुरा नभई अध्यात्मिक विकास र अभ्यासको कुरा हुन्छ । करीव ४८ वर्ष अघि नेपालका सबै बौद्ध भिक्षुहरूलाई उनीहरूको धार्मिक विश्वासको कारणले निर्वासित गरिएको कुरा बुढा-पाकाहरू अझै सम्झन्छन् ।[4]

यस्तो परिस्थितिले गर्दा जनगणनाको फल स्वरूप गलत तथ्याङ्कहरू संकलन हुन्छन् । जनगणना लिनेहरूले नागरिकको धार्मिक विश्वास बारे आफ्नै धारणाको आधारमा उसलाई भनि, "तपाई हिन्दु हो," अथवा "तपाई बौद्ध हो" भन्ने गर्छन् ।

१९८१ को जनगणना लिने अवधिमा हामीले गोरखा-पत्रमा के पढ्यौं भने काठमाडौं उपत्यकामा सम्म पनि गणकहरूले नसोधीकन हिन्दु नभएकालाई हिन्दु भनेर लेखे ।

[4]हेर्नुस् आर. बी. वन्द्य, संघनायक भन्ते प्रज्ञानन्द महास्थवीर: अ कन्साइज बायोग्राफी (काठमाडौं : नेपाल को-अपरेटीव प्रेस लि; १९७८), पृष्ठ ३२ देखि... ।

Downloaded from http://dhamma.digital/

उनीहरूले कुनै व्यक्तिलाई हिन्दु हो भन्न कर लगाएर पनि त्यसलाई हिन्दु भएको कुरा प्रतिवेदनमा लेखेको पनि हामीले सुनेका छौं । जस्तो कि कहिले काँही किसानहरूलाई सोधियो "तपाईको धर्म के हो ?" त्यसको उत्तरमा उनीहरूले नै सोधे "धर्म भनेको के हो ?" यस्तो प्रत्युतर पाए पछि गणकले कहिले कांही सोध्यो, "फलाना देउतालाई मान्नु हुन्छ ?" ठेट किसानले भन्ला, "मान्छु" । तब गणकले "हिन्दु" भनेर लेखि हाल्यो । यदि उसलाई भगवान बुद्धलाई मान्छौं ? भनेर सोधिएको भए पनि निसन्देह: "मान्छु" भन्ने थिए । तर यो प्रश्न गरिएन । यसरी जो व्यक्ति बौद्ध छ, त्यसलाई हिन्दु गराइयो । उसले यात सरकारी कर्मचारीको अगाडि राजकीय धर्ममा विश्वास नभएको भनाइनु पर्ने या आफूले मानेको धर्मलाई इन्कार गर्नु पर्ने कठीन अवस्थामा पारियो ।

तथ्याङ्क त्रुटीपूर्ण हुने अर्को कारण पनि छ । परिवारको मुलीले मान्ने धर्मलाई नै परिवारको अरु सदस्यको पनि त्यही धर्म मानिने चलन छ । परिवारका अन्य सदस्यहरूको नागरिकताको प्रमाण पत्रमै धर्म फरक देखाईएमा मात्र यस्तो गरिन्न ।

जब सम्म अधिकारीहरूले जनगणना गर्दा नागरिकलाई आफ्नो वास्तविक धर्म भन्न दिन्दैन र हरेक नागरिकलाई

Downloaded from http://dhamma.digital/

धर्मको दृष्टिले छुट्टा छुट्टै व्यक्ति मानिदैन तब सम्म भरपर्दो जनगणना हुन सक्दैन भन्ने स्पष्ट छ। बौद्ध, इशाई, हिन्दु, मुसलमान र जैन आदि सबै वर्गबाट प्रतिनिधित्व हुने गरी गणकहरू राखिएमा सघाउ पुग्ने थियो। तर यी त्रुटीपूर्ण तथ्याङ्कले गणकहरूको गलत तरिका मात्र नदर्शाएर नेपालको सामाजिक वातावरणलाई पनि झल्काउँछन्। जहाँ सामान्य धारणा के छ भने हिन्दु अधिराज्य सफल हुनको लागि कुनै प्रकारले शिव मार्ग (हिन्दु धर्म) "स्वीकार" गर्नै पर्छ।[6]

नेपालको १९९० को सम्बिधानले यस धारणालाई अझै त्रलियो पारेको छ। सम्बिधानले नेपाली समाजको सबै स्तरमा व्याप्त धार्मिक भेदभावको सरकारी नीतिलाई संस्थागत गराएर अरू बढी बल प्रदान गरेको छ। सम्बिधानले नेपाललाई हिन्दु अधिराज्य मानेको छ। प्रत्येक व्यक्तिलाई आफ्नो "परम्परागत धर्म" मान्ने र त्यस अनुसार व्यबहार गर्ने स्वतन्त्रता छ भनेर सम्बिधानले तोकेको छ। "परम्परागत धर्म" वाक्यांशको अर्को वैकल्पिक अनुवाद हुन्छ "सनातन धर्म"। रूढीवादी हिन्दुहरूले हिन्दु धर्मलाई यही भन्दछन्। कसैले अरूलाई धर्म परिवर्तन गराउन पाउँदैन

---

[6]मेरी शेफर्ड स्लुसर, नेपाल मण्डल : अ कल्चरल स्टडी अफ द काठमाडौं भ्याली, वर्ष १ (न्यू जर्सी : प्रिन्स्टन युनिभर्सिटी प्रेस, १९८२), पृष्ठ २२१।

Downloaded from http://dhamma.digital/

भन्ने सम्बिधानको भनाई छ ।[6] यो कानून उल्लंघन गरेमा राज्यले दण्ड दिन्छ ।

तर व्यवहारमा सरकारले दिनहौं हिन्दुलाई हिन्दु नै गराई राखेको र हिन्दु नभएकालाई हिन्दु बनाउने प्रयास गरी राखेको छ । प्रत्येक विहान सरकारी नियन्त्रणमा रहेको रेडियो नेपालमा हिन्दु धर्मलाई प्रचार गर्ने धार्मिक कार्यक्रम हामी सुन्छौं । समय समयमा नेपाल हिन्दु अधिराज्य हो भनेर सम्झना गराइन्छ र त्यसकारण हामीले हिन्दु धर्ममा विश्वास गर्नै पर्छ भनेर भनिन्छ । कुनै हिन्दु नागरिकले धर्म परिवर्तन गर्‍यो भने नर्क जान्छ भन्ने पनि सुन्छौं । यसकारण व्यवहारमा सम्बिधानमा भएको धर्म परिवर्तन गर्न नपाइने प्रावधानको के अर्थ हुन्छ भने कुनै हिन्दु नभएकाले मात्र कुनै हिन्दुलाई धर्म परिवर्तन गराउनु हुँदैन ।

बौद्ध मार्गीहरूले रेडियो नेपालमा धेरै नै कम मात्र कार्यक्रमहरू दिन पाउँछन् । वर्षमा एक चोटी बुद्ध जयन्तीको

---

[6]कन्ष्टीच्यूशन अफ द कीङ्डम अफ नेपाल (२०४७/१९९०), पृष्ठ ११ । द कन्ष्टीच्यूशन अफ द कीङ्डम अफ नेपाल (नेपाल : हीज म्याजिष्टीज गवर्नमेन्ट अफ नेपाल, मिनिष्ट्री अफ लज आयण्ड पार्लियामेन्ट अफेर्स, १९५९), पृष्ठ ६; द कन्ष्टीच्यूशन अफ द कीङ्डम अफ नेपाल (न्यू दिल्ली: नेपाल ट्रेडिङ्ग कर्पोरेशन, १९५९), पृष्ठ १३ पनि हेर्नुस् ।

Downloaded from http://dhamma.digital/

औसरमा केही मिनेट बाहेक रेडियो नेपाल मूलतः हिन्दुहरूको लागि नै रहेको छ । यसै गरी नेपालको आफ्नै देशको भाषा नेवारी (नेपाल भाषा) को कुनै कार्यक्रम दिइन्न । तर एउटा भारतीय भाषा हिन्दीलाई भने जति पनि समय दिइएको छ ।

नेपालको राजकीय धर्म हिन्दु धर्मको लागि राज्यका यथेष्ठ श्रोत साधनहरू पर्व, उत्सब र गोष्ठी सभाहरूमा खर्च गरिन्छन् । यसले गर्दा त्यस धर्मको प्रचार हुन्छ । नेपाल भित्रका अरु वास्तविक धर्महरूलाई भने यस्तै सुविधा दिइन्न । भेदभाव यति मात्र होइन । हिन्दु धर्मले अधिकाधिक सरकारी सहायता पाउने मात्र होइन कि कानूनले बौद्ध धर्मको लागि दान दिनेहरूको उदारताबाट पनि यसलाई फाइदा दिलाउँछ ।

हामीले विशेष तवरले नेपालमा बुद्धको जन्म स्थान लुम्बिनीको अवस्था हेरेर यो कुरा गरेका छौं । संसारका करोडौं मानिसले 'लुम्बिनी' भएकोले नेपाललाई श्रद्धाले हेर्छन् । लाखौं तीर्थ यात्रीहरूले तीर्थ यात्रा गर्ने सुविधा भएको मन्दीर यस उद्यानमा निर्माण हुनु आवश्यक छ । तैपनि लुम्बिनी निर्जन नै छ र यसको विकास प्रायः गतिहीन छ ।

बर्षै पिच्छे, हामीले इच्छुक व्यक्तिहरूलाई लुम्बिनी विकासको गुरु योजना देखाउँछौं । बौद्ध देश र संसारका शुभ चिन्तकहरूको सहायता र सहयोग खोज्दछौं । राष्ट्र-

Downloaded from http://dhamma.digital/

संघमा भएको हाम्रो शाखाले श्री कार्ल स्प्रिङ्का निर्देशनमा संयुक्त राज्य अमेरिका र क्यानाडा भरी अर्थ सङ्कलनको अभियान शुरु गरेको थियो । हामीले मानिसहरूलाई विश्व शान्तिको प्रतीक स्वरुप बुद्धको जन्म स्थलको विकास गर्न दान दिन इच्छुक रहेको पायौं । तर त्यस्ता ईच्छुक दाता र धेरै मात्रामा दान दिन चाहनेहरूलाई बुद्धको जन्मस्थानको लागि दान दिए पछि एउटा विशेष हिन्दु मन्दीरको लागि पनि अर्थ दान दिनु पर्ने कानून छ भनिन्छ । त्यस मन्दीरको नाम हो पशुपति । यस मन्दीरमा हिन्दु नभएका अथवा हिन्दु कै शुद्र जातीहरूलाई द्यौताका पहरेदारहरूले प्रवेश नै निषेध गरेका छन् ।

स्वभावतः दान बारेको यो "कानून" ले लुम्बिनी विकासका लागि दान दिनेहरूलाई हतोत्साहित पार्दछ र यसरी बौद्ध धर्म प्रति भेदभाव हुन जान्छ । तर कुनै पनि कानूनले हिन्दु धर्मका समर्थकहरूलाई स्वयम्भू जस्तो बौद्ध मन्दीरलाई पनि दान दिनु पर्छ भन्ने व्यवस्था नगर्नु विडम्बना हो । स्वयम्भू पाँचौ शताब्दीको प्रारम्भमा बौद्ध राजा वृष देवले बनाउन लगाएको हो र यो संसारको अति महत्वपूर्ण बौद्ध चैत्यहरू मध्ये एक हो ।[7]

---

[7]नेपाल मण्डल : अ कल्चरल स्टडी अफ द काठमाडौं भ्याली, (१९८२), पृष्ठ २३ ।

Downloaded from http://dhamma.digital/

बुद्धको जन्मस्थल लुम्बिनीको बिकासको लागि श्रद्धालुहरूले दान दिएको सबै धनको नियन्त्रण र खर्च लुम्बिनी बिकास कोषको अधीनमा भए पनि कोषको संचालक वरिष्ठ अधिकारी वर्गहरू हिन्दु नै छन् ।

तर सम्बिधानले सबै धार्मिक समुदायलाई आफ्नो स्वतन्त्र अस्तित्वलाई कायम राखी धार्मिक स्थल र धार्मिक कोष गुठी आदिको संरक्षण र संचालन गर्ने अधिकार दिएको छ ।[8] त्यसकारण निकट भविष्यमा नै जम्मा गरिएको रकम र लुम्बिनी बिकास कोषका सबै सम्पति जेथाहरू कुनै बौद्ध समूहलाई हस्तान्तरण गरिनेछ भन्ने हामीले आशा गरेका छौं । जसले गर्दा दाताहरूको इच्छा र देशको आवश्यकता अनुरूप लुम्बिनी विकासको काम तीव्र गतिले बढ्न सक्ने छ । धेरै नेपालीहरूले खास गरेर राजनीतिज्ञ र राजनीतिमुखी हिन्दु बन्धुहरूले सम्बिधानमा राजकीय धर्मको स्थापनालाई कम बिवादास्पद बनाउने प्रयत्नमा "बौद्ध धर्म र हिन्दु धर्म एउटै हो" र "बौद्ध र हिन्दु एउटै त हो नि ।" भनेर राज्य धर्म घोषणाको विरोधी आवाजलाई कम महत्व दिन्छन । बौद्धहरूको धार्मिक सहिष्णुतामा विश्वास हुने हुनाले उनीहरू अक्सर झुक्किन्छन् र समान र निष्पक्ष व्यवहारको आशा गर्न थाल्छन् ।

---

[8]द भ्यू प्वाइन्टस् : न्यूजलेटर अफ द एसोशीएशन अफ द नेपलीज् इन मीडवेष्ट अमेरीका: १ ।

Downloaded from http://dhamma.digital/

तर तथ्य के हो भने हाम्रो सम्बिधानले मानिसहरूलाई आफूले चाहेको धर्ममा विश्वास गर्न दिदैन । यदि धार्मिक स्वतन्त्रताको केही अर्थ छ भने प्रत्येक व्यक्तिलाई कुनै पनि समयमा आफूले चाहेको धर्ममा विश्वास र तद्नुसार व्यवहार गर्ने अधिकार हुनु पर्छ । तर नेपाली सम्बिधानले यो स्वतन्त्रता कसैले "सदासर्वदा" मानि आएको धर्मको बारेमा मात्र दिएको छ । संस्कृतमा यस शब्दको अर्थ हो सनातन हिन्दु धर्म, यसकारण सम्बिधानले हिन्दुहरूलाई मात्र धार्मिक स्वतन्त्रता दिएको मान्नु पर्छ, तर यस सन्दर्भमा "सनातन" को अर्थ हुन्छ "अटुट रूपले वर्षौं देखि निरन्तर चलिआएको" यसकारण यस प्रावधानको उदार व्याख्याले पनि अतीतबाट चलि आएको धर्म मान्नेलाई मात्र धार्मिक स्वतन्त्रता प्रदान गर्छ ।

यसरी धार्मिक स्वतन्त्रता प्रदान गर्ने धाराको साथै धर्म परिवर्तन वर्जित भएकोले कसैले पनि वास्तविक रूपले धार्मिक स्वतन्त्रता पाएको छैन । खास गरी हिन्दु परिवारमा जन्मेकालाई केवल पुख्यौंली धर्म मान्ने अधिकार मात्र भएको र धर्म परिवर्तन गर्ने अधिकार नभएकोले हिन्दु भएर जन्म लिएकाले जुनसुकै धार्मिक विश्वास भएता पनि हिन्दु धर्म नै पालन गरी रहनु पर्छ । धर्मको पालन र परिवर्तनमा भएको बन्देजले सूचनाको आदान प्रदानलाई पनि रोक्छ, किनकि कसैले हिन्दुलाई अरू धर्मबारे जानकारी

Downloaded from http://dhamma.digital/

दियो भने त्यस व्यक्तिको धर्म परिवर्तन गराउने प्रयासको आरोपमा उसलाई सँजाय हुन सक्छ ।

अर्को तिर कुनै हिन्दु माता पिता अथवा पुर्खा भएको सच्चा बौद्धले पनि हिन्दु धर्म पालन गर्न बाध्य हुनुपर्छ नत्र भने उसले धर्म परिवर्तनको पाप गरेको ठहरिन्छ । उसको बौद्ध धर्म पालन गर्ने अधिकार रहन्न किनकि वंशावलीमा कुनै हिन्दु भएकोले उसको बौद्ध धर्म प्रतिको विश्वास सनातन ठहरिन्न । नेपाली नागरिकहरूलाई अहिले यस्ता समस्या भोग्नु परेको छ भन्ने हाम्रो भनाई होइन, केवल नेपाली सम्बिधानमा जुन रूपले "राज्य धर्म" स्थापना गरिएको छ त्यसबाट धार्मिक दमनको लागि अनुकूल परिस्थितिको सिर्जना हुन्छ भन्ने हो ।

नेपाली बौद्धहरू व्यक्तिगत धर्मको कुरामा धेरै नै सहिष्णु भएकोले राज्य धर्मको विरूद्ध बोल्न सधैं हिच्कि-चाउँदै आएका छन् । हाम्रो उदासीनताले [निष्प्रहता] हिन्दु धर्मको पक्षमा एक किसिमको धार्मिक तानाशाहीलाई प्रोत्सा-हित गर्न सक्छ, जसले गर्दा बौद्ध धर्म मात्र होइन कि अरु धर्महरू पनि यसको अधिनमा बस्नु पर्ने हुन्छ ।

नेपालीहरूले एक अर्काका धौताहरू प्रति सहिष्णुता देखाउँदा देखाउँदै पनि, "विश्वको एक मात्र हिन्दु

Downloaded from http://dhamma.digital/

अधिराज्य" को नाउँमा शिव मार्ग [ हिन्दु धर्म ] मान्नु धेरै समयदेखि प्रचलित हुँदै आएको छ ।[१]

नेपाली सम्बिधानले हिन्दु धर्मलाई राज्य धर्म तोकेर अरु धर्म र ती धर्म मान्नेहरूलाई पनि त्रसित पारेको छ । यसले हिन्दुहरूलाई अरुहरू माथि हैकम चलाउन प्रोत्साहित गरेको छ र यसरी भविष्यमा हुन सक्ने आपसी द्वन्दको जग बसालेको छ । यसले अबुद्धिमत्तापूर्ण, अप्रजातान्त्रिक, अन्यायपूर्ण र पक्षपातपूर्ण अवस्थाको सिर्जना गरेको छ । जसले गर्दा देशका नागरिकहरूको बहुसंख्यक जनताको विवेक र धर्म पालनलाई दमन गरेको छ ।

सन् १९९० को वर्षमा आफ्नो पहिलो सम्बिधान लेख्दा यो देशले राज्य धर्म जस्तो पिछडिएको अवधारणालाई किन समावेश गर्‍यो होला भन्ने कुरा अनौठो लाग्छ । दक्षिणको हाम्रो छिमेकी भारतका विभिन्न हिन्दु मित्रहरूलाई खुशी पार्न नेपाल सरकारले राज्य धर्मको धारा समावेश गरेको हो भन्ने एउटा राय छ । ह्वाट्ट हेर्दा खेरी यो ठीक जस्तो लाग्छ पनि, किनकि भारतमा नै हिन्दु धर्मको उत्पति भयो र त्यहाँका बहुसंख्यक नागरिकहरू त्यसै धर्मको पालन गर्दछन् । तर, फेरि बिचार गर्दा यो उचित जस्तो लाग्दैन पनि । भारत आफै अधिकारिक रुपले धर्म-

---

[१]नेपाल मण्डल, पृष्ठ २११ ।

Downloaded from http://dhamma.digital/

निरपेक्ष राज्य छ । त्यसकारण भारत सरकारको कुनै महत्वपूर्ण अङ्गलाई नेपाललाई हिन्दु अधिराज्य घोषित गराइनुमा के रुचि हुन सक्ला र ?

भविष्यमा भारतबाट आर्थिक सहायता र सद्भावना प्राप्त गर्ने उद्देश्यले नेपाललाई हिन्दु राज्य घोषित गरिएको हो भन्ने अर्को एक थरी भनाई छ । तर फेरि, उत्तर र पूर्वमा रहेका छिमेकी चीन बारे के भन्ने ? हामी सबैलाई थाहै छ चीन कम्यूनिष्ट मुलुक हो र अधिकारिक रूपले कुनै धर्मलाई पनि मान्यता छैन । नेपाललाई हिन्दु अधिराज्य घोषित गरेर हामीले भारतलाई त खुशी पारौंला । तर के हामीले चीनलाई अवहेलना गर्ने त ? दुबै मित्रहरूको सद्भावना पाउन र नेपालको असंलग्नता सुनिश्चित गर्ने सबभन्दा बढी राम्रो उपाय धर्म निरपेक्ष राज्य हुनु नै हो ।

भारत र चीन बाहेक अरू तिर हेर्दा पनि के आफूलाई हिन्दु राज्य घोषित गर्नाले नेपालको आर्थिक हित हुने छ ? हामीले संयुक्त राज्य अमेरिकाबाट यथेष्ट मात्रामा आर्थिक सहायता पाउँछौ । के हामी यो विश्वास गरौं कि नेपाल हिन्दु अधिराज्य भएकोले यो सहायता यति निश्चित र उदार छ ? बरू यो सम्भव हुन सक्छ कि संयुक्तराज्य अमेरिकाका स्टेट डिपार्टमेण्टलाई आज हामीले छलफल गरिरहेको कुरा बारे थाहा नै भए पनि एकदमै कम मात्र होला ।

Downloaded from http://dhamma.digital/

अन्तमा, अर्को धारणा अनुसार केही राजनैतिक रुपले शक्तिशाली नेपालीहरू आफै हिन्दु भएको हुँदा व्यक्तिगत निहित स्वार्थवस हिन्दु धर्मलाई राज्य धर्म घोषित गरिएको हो । नयाँ सम्बिधानलाई नेपालका सबै नागरिकले पूर्णरुपले न्यायोचित ठहराएमा नै राजतन्त्रको भलो हुने छ । अन्यथा जुन सम्बिधानले नागरिकका धर्महरूलाई दोश्रा दर्जाको मान्यता प्रदान गर्दछ, जनता त्यस प्रकारको सम्विधान प्रति निष्ठावान नरहन सक्छ ।

हामी हिन्दु अथवा अन्य कुनै धर्मको विरोधी छैनौं । आध्यात्मिक परम्पराको रुपमा हामी हिन्दु धर्मको ठूलो आदर गर्छौं । हामीले बौद्ध, इशाई, हिन्दु र अरु धर्म-हरूको महत्व र मूल्य बुझेका छौं ।

हामीले हिन्दु धर्मलाई मन पराएता पनि बौद्ध धर्मलाई झन बढी मन पराउँछौं । हामी बौद्ध धर्मको महान ज्ञानलाई मान्छौं र यसले हामीलाई यथार्थ बारे आफ्नै समझदारी र विवेक अनुसार गर्न दिएको स्वतन्त्रतालाई पनि हामी आदर गर्छौं । बौद्ध धर्मले कसैलाई पनि धर्म शिक्षा लिन वाध्य गर्दैन । तर स्वेच्छाले आउने सबैलाई स्वागत गर्छ, यस कारणले पनि यो हाम्रो लागि ठीक छ । फेरि हिन्दु धर्मले लडाकु बिचारधाराको कैयौं पक्ष प्रस्तुत गर्दछ [जस्तो कि योद्धाहरूको वीरताको प्रशंसा गर्ने र धर्म युद्धको विचारलाई समर्थन गर्ने], वौद्ध धर्म

Downloaded from http://dhamma.digital/

बिल्कुलै शान्ति प्रिय धर्म हो ।

वास्तवमा नेपाललाई हिन्दु भन्दा बौद्ध राज्य घोषित गर्नु बढी उपयुक्त हुने कारण देखिन्छ । संसार भरीका अरू देशहरूले नेपाललाई कसरी चिन्दछन्, एकै छिन विचार गरौं न । विशालकाय चीन र भारत बीचमा अवस्थित हाम्रो सानो देशलाई कसैले पनि आकार, राजनैतिक शक्ति अथवा आर्थिक महत्वको लागि मान्दैन । संसारले नेपाललाई दुई प्रमुख कारणले चिनेको छ, नेपालमा सगरमाथा र हिमालयहरू हुनु एउटा कारण हो । सबै ठाउँका मानिस संसारको सबभन्दा अग्लो हिम शिखर हेर्ने रुचि राख्दछन् । यसै अभिप्रायले उनीहरू नेपाल आउँछन्, पहाड चढ्छन्, अध्ययन गर्छन र फेरि आफ्नो अनुभव बारे लेख्छन् ।

नेपाल संसारमा प्रसिद्ध हुनाको अर्को कारण हो नेपालको लुम्बिनी उद्यानमा [ करीव ६२३ -- ५४३ इशापूर्व ] महामानव बुद्धको जन्म भएको थियो । आज बौद्ध धर्म लगभग ५० करोड अनुयायी भएको संसारको सबभन्दा ठूलो धार्मिक र दार्शनिक प्रणाली मध्ये एउटा हो । यो संसारको सबभन्दा शान्ति प्रिय धर्म मध्ये एउटा हो । लाखौं बौद्ध र बौद्ध धर्म नमान्नेहरूले पनि विश्वको प्रमुख धार्मिक र बौद्धिक विषयको रूपमा यस धर्मको अध्ययन गर्छन् । नेपाल उनीहरूको रुचि र श्रद्धाको केन्द्र हो ।

Downloaded from http://dhamma.digital/

धर्मराजा, बोधिज्ञान प्राप्त राजकुमार सिद्धार्थको जन्मस्थान भएको नेपालको बौद्ध धर्मसंगको यो संलग्नताले नै नेपाल-लाई "शान्ति क्षेत्र" घोषणा गर्ने अधिकार नैतिकरूपले प्राप्त भएको छ । संसारका अन्य सबै मुलूकले नेपाललाई सम्मान गर्नुको कारण यस देशको लडाकु बिचार वा सामरीक शक्तिको लागि नभई बुद्धको जन्मस्थल भएको कारणले हो ।

बौद्ध धर्मले गर्दा नै नेपालले विदेशी श्रोतबाट निकै आम्दानी गर्छ । पहिला उल्लेख गरे जस्तै लुम्बिनी बिकास योजनाले यथेष्ट अन्तरराष्ट्रिय दानहरू पाउँछ । बुद्धको जन्म स्थल भएकोले नेपाल श्रद्धालु बौद्धहरूको लागि एउटा तीर्थ स्थल पनि हो । फेरी बौद्ध नभएका धेरै मानिसहरूले नेपाललाई "शान्ति क्षेत्र" को रूपमा हेर्छन् । यो पनि बुद्धको शान्ति र आध्यात्मिक सन्देशले गर्दा नै भएको छ । बुद्धलाई धर्म राजा र शान्ति राजा दुबै मानिन्छ ।

बौद्ध धर्मले नै कला र वास्तुकलाको क्षेत्रमा नेपालको प्रतिस्था बढाएको छ । विश्वको कुनै पनि ठूलो संग्रहालयमा गएर त्यहाँ संकलित नेपाली सांस्कृतिक सम्पदा हेर्ने हो भने धेरै जसो बुद्धका प्राचीन मूर्तिहरू, मूर्तिकला, थाङ्का चित्र र अरू बौद्ध धर्म सम्बन्धित वस्तुहरू पाइन्छन् । यिनको तुलनामा हिन्दु मूर्ति, चित्र आदि एकदमै कम हुन्छन् । नेपाल आउने सबैले सर्वत्र यस बौद्ध धरोहरको प्रमुखता देख्छन् ।

Downloaded from http://dhamma.digital/

हस्तकलाका वस्तुहरू नेपालका निर्यातका मुख्य वस्तु हुन् । यसमा पनि ८५–९०% बुद्ध मूर्ति, चित्रहरू, थाङ्काहरू र अरू बौद्ध सम्बन्धि वस्तुहरू हुन्छन् । शिवका मूर्ति जस्ता हिन्दुहरूका पूजा गर्ने बस्तु १०–१५% जति हुन्छन् । यी हस्तकलाका वस्तुहरू जसबाट विश्व वजारमा चिनिएको छ र पर्यटन हाम्रो आम्दानीको मुख्य श्रोत बनेको छ । थिनीहरूले विश्व परिवारमा नेपालको बौद्ध चिनारीलाई जीवित राख्नमा योगदान गरेका छन् ।

नेपालको जनसंख्याको आधा भन्दा बढी मानिसहरू बौद्ध धर्माबलम्बी छन् । नेपालको कुनै भागमा गए पनि बौद्ध भिक्षु, भिक्षुणी भेटिन्छन् । वास्तवमा, बौद्ध भिक्षु भिक्षुणी ४ हजार छन् । यिनीहरूले आफ्नो जीवन बौद्ध धर्मको पालन, शिक्षा, प्रचार, लेखन र पूर्ण समय त्यसैको काम गर्नको लागि समर्पित गरेका छन् । बौद्ध भिक्षुका बहुसंख्या महायानी छन् र अल्पसंख्या थेरवादी छन् ।

हिन्दु धर्मको शिक्षा दिने मानिसहरूको संख्या निकै सानो छ भने यसको विपरित पुरा समय दिने बौद्ध भिक्षुहरूको संख्या निकै ठूलो छ । देश भरीमा यात्रा गर्दा हिन्दु धर्मको लागि पूरा समय काम गर्ने कोही पनि पाइन्न र कोही पाइएछन भने सरकारबाट तलब दिई राखेका रेडियो नेपालका धर्म प्रचारकहरू जस्तै मात्र

Downloaded from http://dhamma.digital/

हुन्छन् । नेपाली साहित्यमा पनि यसै अनुपातमा बौद्ध र हिन्दुहरूको प्रतिनिधित्व पाइन्छ।

नेपालबाट सबै बौद्ध धर्म, संस्कृति, भाषाहरू, कलाहरू तथा हस्तकलाका वस्तुहरू आदि नभएको भए नेपालले संसारलाई के बहुमूल्य उपहार दिन अथवा योगदान गर्न सक्थ्यो र ? यी कुरा नभएमा नेपाल बिल्कुलै भारत जस्तै हुने थियो। वास्तवमा यी सबको अभावमा हामीले आफ्नो नेपाली अस्तित्व नै गुमाउने थियौं ।

यसरी, नेपाललाई हिन्दु अधिराज्य भन्नु भन्दा बौद्ध देश भन्नु बढी उपयुक्त हुने थियो । यसो भएता पनि हामी आफ्नै धर्म बौद्ध धर्मलाई पनि नेपालको "राज्य धर्म" घोषित गर्ने पक्षमा छैनौं । यस्तो घोषणाले बौद्ध धर्मलाई केही थप उपलब्धी हुँदैन । प्रत्येक नागरिक भित्र हृदय-देखि नै नैतिक र धार्मिक होस् भन्ने हाम्रो ध्येय हो । यो भएमा देश पनि यस्तै हुन्छ । नेपालमा भएका सबै धर्महरूको समानता र स्वतन्त्रताको सम्बैधानिक ग्यारेन्टी मात्र बौद्ध धर्मावलम्बीहरूको इच्छा रहेको छ ।

धर्म र राजनीतिलाई मिसाउनु हुँदैन। सरकारले धर्म-लाई नियन्त्रण गर्ने अथवा थोपर्ने कानून बनाउन हुँदैन । आफ्नो धर्मको रक्षा गर्नु धर्मावलम्बी मानिसहरूको कर्तव्य

Downloaded from http://dhamma.digital/

हो। अरूलाई हानी नपुऱ्याउने, हस्तक्षेप नगर्ने, धर्म र त्यसको पालन रोज्ने मानिसहरूको अधिकारलाई सुरक्षित गर्नु राज-नीतिज्ञहरूको कर्तव्य हो।

१९९० को सम्विधानले नेपाललाई "प्रजातान्त्रिक" र "हिन्दु" दुबै घोषित गरेको छ। तर प्रजातन्त्रको परिभाषा के? हामीले बुझे अनुसार प्रजातन्त्र यस्तो राज्य हो जहाँ मानिसहरू आफूले चाहेको कुरामा विश्वास गर्न स्वतन्त्र हुन्छन्, जहाँ नागरिकहरूले आफ्नो धर्मबारे कुरा गर्न र व्यबहारमा त्यसको पालन गर्न स्वतन्त्र हुन्छन्। प्रजातन्त्रमा डरत्रास हुनुहुन्न या इच्छा विरूद्ध कुनै एउटै सिद्धान्तलाई मान्ने बाध्यता हुनुहुन्न।

तर जब सरकारले आफ्ना नागरिकहरूको आधा भन्दा कम जनसंख्याको धर्मलाई राज्य धर्म घोषित गर्छ, त्यसको प्रत्यक्ष परिणाम बाँकी नागरिकहरूलाई त्यो धर्म मान्नमा दवाव दिनु नै हुन्छ। कमसेकम अरू धर्म मान्नेहरूलाई आफ्नो धर्म बारे बिचार व्यक्त गर्न यसले हतोत्साहित गर्छ। यसरी राज्य धर्म नमान्नेहरू त्रसित हुन जान्छन्।

हामीले उदाहरणको लागि रेडियो नेपालको व्यबहार हेऱ्यौं। राज्य धर्मको स्थापनाले गर्दा प्रत्यक्ष रूपले एउटै धर्मलाई मान्नु पर्ने बाध्यता मात्र नभै अनुचित किसिमले

Downloaded from http://dhamma.digital/

मस्तिष्क नियन्त्रण हुन जान्छ । जब राज्य धर्मको धर्म परिवर्तन गर्ने प्रयास पछाडि पूरा राज्य शक्तिको समर्थन रहन्छ, त्यस बेला विचारहरूको स्वतन्त्र आदान प्रदान र कर्मको इच्छा विरूद्ध उसमाथि धर्म थोपर्नेमा थोरै मात्र फरक रहन जान्छ ।

हामी नेपालीहरू प्रजातान्त्रिक रहन चाहेमा संसारका अरू प्रजातान्त्रिक मुलुकहरू तिर पनि हेर्नु पर्छ । संयुक्त राज्य अमेरिका संसारका शक्तिशाली देशहरू मध्ये एउटा हो । यो पनि धर्म निरपेक्ष राज्य हो । यद्यपि यहाँका बहुसंख्यक नागरिकहरू इशाई भएको हुँदा त्यही धर्म पालन गर्छन् । धार्मिक स्वतन्त्रता संयुक्त राज्य अमेरिकाको सम्बिधानमा अन्तर निहित छ । खास गरेर प्रथम संशोधनले (फष्ट एमेन्डमेन्ट) धर्मको स्वतन्त्र पालन र धर्मको स्थापना बारे कांग्रेसले कुनै कानून नबनाउने कुराको ग्यारेन्टि दिएको छ । २०० वर्ष भन्दा बढी समय देखि अमेरिकाको सर्वोच्च अदालतले प्रथम संशोधनद्वारा चर्च र राज्य अलग्ग गरिएको व्यवस्थालाई हर प्रकारले सुरक्षित राखेको छ र अमेरिकनहरूले उपयोग गरी रहेका स्वतन्त्रताहरू मध्ये एउटा प्रमुख सुरक्षित अधिकार यो पनि हो र यस अवधि भरी संयुक्त राज्य अमेरिकाको सरकारलाई अन्तर – धार्मिक संघर्ष अथवा हिंसाको त्रास पनि भएन र यो छिन्न भिन्न पनि भएको छैन ।

Downloaded from http://dhamma.digital/

हामी नेपालीहरूले यस अति विकसित प्रजातान्त्रिक देशको उदाहरणबाट निश्चय पनि शिक्षा लिन सक्छौं र यस महत्वपूर्ण विचारलाई आफ्नो सानो र विकासोन्मुख मुलुकमा प्रयोग गर्न सक्छौं । हाम्रो सम्विधानले एउटा विशेष धर्म-लाई अरू धर्म भन्दा माथि राख्नु हुन्न, यसले देशलाई हिन्दु, इशाई अथवा बौद्ध भन्नु आवश्यक छैन । यसले नेपाललाई प्रजातान्त्रिक धर्म निरपेक्ष राज्य मात्र भने पुग्छ ।

यसै गरी हाम्रो सम्बिधानले हाम्रो शासकको धार्मिक स्वतन्त्रता सीमित गर्नु हुन्न र शासकले कुनै धर्मलाई मान्ने इच्छा गर्छ भने उसलाई पनि आफ्नो धर्म रोज्ने अधिकार हुनुपर्छ । राज्यका सबै नागरिकहरूलाई यो मात्र मांग गर्ने अधिकार रहन्छ कि शासक असल, बुद्धिमान, नैतिकवान र जनतालाई मायाँ गर्ने र कुशलता पूर्वक र न्यायपूर्ण ढङ्गले शासन गरोस् । यदि राष्ट्रको शासक हुनलाई एउटा विशेष धर्म मान्नै पर्ने बाध्यता भयो भने उसको धार्मिक विश्वास सच्चा नभएर औसरवादी पनि हुन सक्छ ।

नेपालको सम्बिधान, धर्महरू र संस्कृतिहरूको विषय बारे यसरी कुरा गर्दा नेपाल भित्र हिन्दु र बौद्धहरू बीच समस्या अथवा तनाव उत्पन्न हुन सक्छ कि भन्ने तपाईहरू मध्ये कसैले विचार गर्नु होला । त्यस्तो होइन, हामी आफ्नो देश र देशवासीहरूलाई माया गर्छौं । हामी त भै

Downloaded from http://dhamma.digital/

रहेका समस्याहरू तथा तनाव प्रति ध्यानाकर्षण गर्न र तिनको शान्तिपूर्ण निराकरणका लागि बोल्दै छौं। हामी हिन्दु, बौद्ध अथवा अरू कुनै धर्म मान्ने भए पनि सर्व नेपालीको भलोको लागि कुरा गरी रहेका छौं।

हामी हिन्दु भाई बहिनी बारे पनि सोच्छौं। नेपालमा हामी संगसंगै बस्छौं, धेरै जसो हिन्दुहरूले पनि बौद्धहरूले जस्तै यी कुराहरूमा बिचार राख्छन्। धेरै जसो नेपाली हिन्दु र बौद्ध सिधासादा जीवन व्यतित गर्छन् र उनीहरू-लाई राजनैतिक विचारधारा अथवा धार्मिक झगडा सित त्यति वास्ता छैन। खाली मुट्ठीभर हिन्दुहरूले देशको शक्तिलाई हिन्दु नागरिकको हितको लागि सञ्चालन गर्न चाहन्छन्। हिन्दु अधिराज्यको धारणाले जीवित राखेको आधिपत्य प्रति साधारण हिन्दुको ध्यान आकर्षित गर्नु पर्छ।

विगत धेरै लामो समय देखि नेपाली बौद्धहरूलाई दबाइएको छ। हामी धेरै धैर्यवान, धेरै सहिष्णु र शान्तिपूर्ण छौं। तैपनि, "सच्चा शान्ति केवल तनाव नहुनु मात्र होइन, यसको लागि न्याय चाहिन्छ।"[10] यसरी हामीले के पढ्यौं

---

10"द वर्डर्स अफ मार्टिन लूथर किङ्ग, जुनियर, कोरेटा स्कट किङ्गद्वारा चुनिएका (न्यूयोर्क : न्यू मार्केट प्रेस, १९८७), पृष्ठ ८३।

Downloaded from http://dhamma.digital/

भने धर्मोदय सभाद्वारा नेपालको लागि धर्म निरपेक्ष सम्बिधान र भएका सबै धर्महरूको पूर्ण स्वतन्त्रता र समान औसरको सम्बैधानिक ग्यारेन्टी मांग गर्दै बौद्धहरूलाई सङ्गठित गरी काठमाडौंमा शान्ति पद यात्रा गरियो ।[11] हामी तिनी-हरूको धार्मिक स्वतन्त्रता र प्रजातान्त्रिक सम्बिधानको मांग-लाई पूरा समर्थन गर्छौं ।

यदि देशभित्र हिन्दुहरूको पक्षमा बौद्धहरू प्रति भेदभाव गरिन्छ र उनीहरूलाई दबाइन्छ भने नेपालले बाह्य संसारसंग व्यापार र मैत्री बढाउन बौद्ध धर्म सितका भएका ऐतिहासिक सम्बन्धहरूको फाईदा लिन सक्दैन । नेपालले बाँकी संसारसित हाम्रो मैत्री सम्बन्धलाई कायम राख्न र व्यापक बनाउन चाहन्छ भने नेपाल इमान्दार हुनु पर्छ र बौद्ध धर्म प्रति यसको व्यवहार निष्पक्ष र न्यायपूर्ण हुनु पर्छ । देशमा बौद्ध धर्मलाई अवहेलना गर्दा गर्दै "शान्तीका अग्रदूत राजकुमार सिद्धार्थ हाम्रो देश नेपालमा जन्मेका थिए," भनेर हाम्रा प्रतिनिधिहरूले विदेशमा घमण्ड गर्न पाउँदैनन् । हाम्रो सम्बिधानमा देशको धरोहर संस्कृति र धर्महरूको वास्तविक प्रतिनिधित्व हुनु पर्छ, यसले नेपालका बहुसंख्यक जनताका इच्छाहरूको बेवास्ता अथवा अवहेलना गर्न हुँदैन । जीन ज्याकी रूसोले एक पल्ट लेखेका थिए,

---

[11]डब्ल्यु. एफ. बि. (द वर्ल्ड फेलोशिप अफ बुद्धिष्टस्) रिभ्यू. थर्ड क्वाटर (जुलाइ– सेप्टेम्बर २५३३/१९९०):५६ ।

Downloaded from http://dhamma.digital/

शक्तिलाई अधिकार र आज्ञाकारितालाई कर्तव्यमा परिणत गर्ने साधन नभेटाए निरन्तर शासन गर्ने पर्याप्त शक्ति सर्वशक्तिशालीसंग पनि हुंदैन ।[12]

हामी मल्लाहका यी कुरा किन गर्दछौं भने हाम्रो देश-लाई कहिल्यै पनि गृह कलह अथवा क्रान्तिको दुःख वहन गर्न नपरोस् । सम्भव भएसम्म हामीले आफ्नो देशमा अमन चैन राख्न चाहन्छौं । सबै धर्मलाई धार्मिक स्वतन्त्रता प्रदान गरेर र देशको सम्बिधानलाई प्रजातान्त्रिक र धर्म निरपेक्ष बनाएर हामी नेपालीले प्रजातन्त्र र तोकिएको धर्म बीचको समस्यालाई समाधान गर्न सक्नु पर्छ । वास्तविक प्रजातान्त्रिक सम्बिधानको निर्माण गरेर तथा सबै धर्म र संस्कृतिहरूलाई समान व्यवहार गरेर मात्र हामीले शान्ति र नेपालको अस्तित्वलाई जोगाउन सफल हुन सक्छौं ।

---

[12]जॉन समरभिल एण्ड रोनाल्ड इ सान्टोनी, सोशियल एण्ड पोलिटिकल फिलोसोफि (न्यूयोर्क : डबलडे प्रकाशन, १९६३), पृष्ठ २०७ ।

Downloaded from http://dhamma.digital/

# सन्दर्भ ग्रन्थ

बापट, पि. वि. जेनेरल इडिटर २५०० ईअर्स् अफ बुद्धिज्म्। दिल्ली : मिनिष्ट्री अफ इन्फर्मेशन आयण्ड ब्रोडकाष्टिङ्ग, गभर्नमेन्ट अफ इन्डिया, १९५६ (पुनरमुद्रित १९५९)।

कन्स्टिच्यूशन अफ द किङडम अफ नेपाल । २०४७ /१९९० ।

द कन्ष्टिच्यूशन अफ द किङ्गडम अफ नेपाल। नेपाल: पब्लिशड बाई हिज म्याजिष्टीज गभर्नमेन्ट अफ नेपाल, मिनिष्ट्री अफ ल एण्ड पार्लियामेन्टरी एफेर्स, १९५९ ।

द कन्स्टिच्यूशन अफ द किङ्गडम अफ नेपाल। न्यू दिल्ली: नेपाल ट्रेडिङ्ग कर्पोरेशन, १९५९ ।

किङ्ग, कोरेटा स्कट, एडिशन द वर्डस् अफ मार्टिन लूथर किङ्ग, जुनियर। न्यूयोर्क : न्यू मार्केट प्रेस, १९८७।

नेपाल अपडेट : वाङ्– मन्थ्लि न्यूज आयण्ड भ्यूज एबाउट डिमोक्रासी इन नेपाल। वर्ष १, अङ्क २ (डिसेम्बर १९९०): २ ।

Downloaded from http://dhamma.digital/

स्लसर, मेरी सेफर्ड । नेपाल मण्डल : अ कल्चरल स्टडी अफ द काठमाडौं भ्याली । वर्ष १, न्यू जर्सी : प्रिन्स्टन यूनिभर्सिटी प्रेस, १९८२ ।

समरविल, जोन एण्ड सान्टोनी, रोनाल्ड इ. सोशल एण्ड पोलिटिकल फिलोसफि । न्यूयोर्क : प्रकाशक, डबलडे १९६३ ।

वन्द्य आर. बि. संघनायक भेन. प्रज्ञानन्द महास्थविर : अ कन्साइज बायोग्राफी । काठमाडौं : नेपाल को – अपरेटिव प्रेस लि., १९७८ ।

द भ्यूप्वाइन्टस् : न्यूजलेटर अफ द एसोशिएशन अफ नेपलीज् इन मिडवेष्ट अमेरिका । वर्ष ९, अङ्क ६ (नभेम्बर – डिसेम्बर, १९९०) : १ ।

डब्ल्यू. एफ. बि. (द वर्ल्ड फेलोशिप अफ बुद्धिष्टस्) रिभ्यू थर्ड क्वार्टर (जुलाइ– सेप्टेम्बर २५३३/१९९०) : ५६ ।

Downloaded from http://dhamma.digital/

पूर्व प्रकाशित **Nepal – Constitution and Religion: A Question of Religious Liberty** नामक पुस्तकको नेपाली रूपान्तर ।

Downloaded from http://dhamma.digital/

प्रिय पाठक,

यो राम्रो उद्देश्य प्राप्तिमा तपाई सहयोग गर्न चाहनु हुन्छ भने यो पुस्तिका पढी सकेपछि कृपया अरू एक प्रति प्राप्त गर्नु होस् र आफ्ना मित्रलाई दिनुहोस्; अथवा आफूले चाहेको रूपमा यो सन्देशको प्रचार प्रसार गर्नु होस्। सहयोगको लागि धन्यबाद !

**प्रथम संस्करण**

**श्रावण, २०४८** **मूल्य रू. ५।–**

---

पूर्व प्रकाशित Nepal – Constitution and Religion: A Question of Relious Liberty नाममा पुस्तकको नेपाली रूपान्तर।

Downloaded from http://dhamma.digital/